☎ ०४१-५६००४६

# मिथिला नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

ढल्केबर, धनुषा

स्थापना २०७३

प.स :- योजना ०७४।०७५

च.न :- ८५६

मिति :-२०७५ २ ३०

विषय :- " मिथिलाको चाहाना-घर घरमा सहाना" कार्यक्रम सञ्चालन गर्ने बारे ।

**श्री सबै वडा कार्यालय (१-११) तथा कार्यपालिका सदस्यज्यूहरु ।**
**मिथिला नगरपालिका ।**

यस कार्यालयको च.नं. मिति २०७५।२।१४ गतेको कार्यक्रम संचालन गर्ने बारे पत्र प्राप्त भएकै छ । सो अनुसार मिथिला नगरपालिकाको ऐतिहासिक प्रथम नगर सभाबाट स्वीकृत कार्यक्रमहरु मध्ये " मिथिलाको चाहाना-घर घरमा सहाना" कार्यक्रम एक विशेष कार्यक्रम भएको व्यहोरा यहाँहरु सबैलाइ जानकारी नै छ । यसको उद्धेश्यहरुमा मिथिला नगरपालिका क्षेत्रभित्रबाट स्नातक उत्तीर्ण गरी स्नातकोत्तर अध्ययन गर्ने र गरी रहेका छोरीहरुलाई शैक्षिक सहायता प्रदान गर्ने, मिथिला नगर क्षेत्रबाट स्नातक उतिर्ण छोरीहरु यसै नगर क्षेत्र भित्रको बुहारी भएको भए छोरी सरह सम्वोधन गर्न सकिने, छोरी तथा बुहारीहरुलाई पढाउन अविभावकलाई उत्प्ररित गर्ने, उनीहरुका अविभाकहरुलाई सम्मान तथा अभिनन्दन गर्ने, नगरपालिकाको समग्र शैक्षिक अवस्था सुदृढ पार्ने, बालविवाह, अनमेल विवहा तथा दाईजो प्रथा निरुत्साहित हुने, छोरी प्रति हेर्ने दृष्टिकोणमा सुधार हुने, अविवाहित छोरीले स्नातक उतिर्ण हुदा समेत विवाह नगर्दा परिपक्वतामा वृद्धि भई छोरीहरुको स्वास्थ्य, प्रजनन स्वास्थ्यमा सुधार लगायत जनसंख्या वृद्धि दरमा ह्रास आउने, परिपक्वता भएर विहे भएको समाज उन्नत र प्रगति उन्मुख हुने हुदा यसले सिंगो राष्ट्रलाई नै योगदान दिन सक्ने जस्ता रहेका छन् भने यस कार्यक्रमबाट मिथिला नगरपालिका भित्र स्थायी बसोबास भई स्नातक उत्तीर्ण गरी स्नातकोत्तर गर्ने वा अध्ययनरत्त छोरी हरुलाई सहयोग (छात्राबृत्ति) स्वरुप प्रति महिना रु. ५०० का दरले एकमुष्ट रुपमा रु. ६०००।- (छ हजार) सम्म उपलब्ध गराउन सकिने व्यवस्था रहेको छ ।

यो कार्यक्रम संचालन गर्नको लागि यस नगरपालिकाको मिति २०७५।१।२ मा बसेको कार्यपालिकाको वैठकबाट "मिथिलाको चाहाना-घर घरमा सहाना" कार्यक्रम सञ्चालन कार्याविधि, २०७४ समेत स्वीकृत भई यहाँ सबैमा पठाईएको छ। तसर्थ सबै प्रक्रिया कार्यविधिबाट जानकारी गरी सो अनुसार तोकिएको प्रावधान भित्र पर्ने यस नगर भित्रका स्नातक उतिर्ण छोरी, बुहारीको कार्यविधिमा तोकिए अनुसारको फर्मेटमा विवरण भरी आजका मितिले १५ दिन भित्र उपलब्ध उप प्रमुख समक्ष आई पुग्ने गरी उपलब्ध गराई कार्यक्रमलाई सफल बनाई दिन हुन भनी पत्राचार गरिएको कतिपय कारणवश समय भित्र सबै वडाबाट विवरण भरी प्राप्त हुन नआएकोले पुन ७ दिन भित्र माग अनुसारको विवरण भरी पठाउन अनुरोध छ ।

राम कुमार कार्की
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री नगर प्रमुखज्यूको कार्यकक्ष
श्री उप-प्रमुखज्यूको कार्यकक्ष
श्री योजना शाखा,
श्री आर्थिक प्रशासन शाखा
सूचना प्रविधि अधिकृत/क.अ.श्री संजिव प्रसाद घिमिरे : वेवसाईटमा अपलोड गर्नु हुन ।
मिथिला नगरपालिका ।